रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : ९ मिति : २०८१/०६/१८

## भाग १

## रंगेली नगरपालिका

### आर्थिक ऐन (प्रथम संशोधन), २०८१

नगरसभा बाट स्वीकृत मितिः २०८१/०६/१५

# आर्थिक ऐन (प्रथम संशोधन), २०८१

**प्रस्तावनाः** रंगेली नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " आर्थिक ऐन (प्रथम संशोधन), २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक ऐन, २०८१ को दफा २ सँग सम्बन्धित अनुसूची १ मा देहाय बमोजिम थप तथा संशोधन गरिएको छ ।**

| सि.नं. | विवरण | आ.व.०८१/०८२ को मालपोत कर प्रति वर्ग मिटर | कठ्ठा अनुसार | | घरको बनावट | आ.व.०८१/०८२ को घरजग्गा कर प्रति वर्ग फिट |
|---|---|---|---|---|---|---|
| १. | पूर्व पश्चिम हुलाकी राजमार्ग | ०.५०/- | १६९.३१ | | RCC फ्रेम स्टक्चर( नक्सा पास अनिवार्य गर्नुपर्ने) | ७०/-पैसा |
| २. | उत्तर दक्षिण हुलाकी राजमाग | ०.५०/- | १६९.३१ | | ईटाको जोडाईमा काठको पटाई वा टिन वा टायलको छाना | बार्षिक एकमुष्ठ ४००/- |
| ३. | कालो पत्रे भएका भित्री सडक शाखा | ०.३०/- | १०१.५८६ | | जस्ताको काठको वा सिमेन्ट वेरा भई टिन वा टायलको छानो | बार्षिक एकमुष्ठ ३५०/- |
| ४. | ग्राभेल भएका सडकहरु | ०.२०/- | ६७.७२४ | | टाडे काठको घर | बार्षिक एकमुष्ठ ३००/- |
| ५. | ग्रामीण कच्ची सडकलाई छोएको जग्गाहरु | ०.१५/- | ५०.७९३ | | टिनको छानो र बाँसको टाटीको घेराबारा रहेको भुई तले घर | बार्षिक एकमुष्ठ १००/- |
| ६. | नगरपालिका भरीका खेतीयोग्य जग्गाहरु | ०.०५९/- | २०/- | | | |
| ७ | खोला छेउ खोला उकास र खोला तटीय (बगर) क्षेत्रका बाली नलाग्ने निजी जग्गामा | ०.०१५/- | ५/- | | | |

**नोट मा देहाय बमोजिम थप गरिएको छ :**

(छ) नगरपालिका भित्र विभिन्न प्रकारका (हुलाकी राजमार्ग उत्तर-दक्षिण पूर्व-पश्चिम सडक , कालो पत्रे भएका भित्री सडकहरु, ग्राभेल भएका सडकहरु, कच्ची सडक) सडकहरुले छोएको जग्गाको हकमा पहिलो ३ कठ्ठा जग्गाको मालपोत अनुसूची १ (बुदा नं. १ देखि ५) अनुसारको लिने र बाँकी जग्गाको हकमा अनुसूची १ को बुदा नं. ६ अनुसार खेती योग्य जग्गाको सरह मालपोत लिने ।

(ज) **अनुसूची १ को बुदा नं.७ को हकमाः** व्यक्तिको बक्राहा डास, चिसाङ, लोहन्द्रा खोला छेउ खोला उकास र खोला तटीय (बगर) क्षेत्रका बाली नलाग्ने निजी जग्गामा वडा समितिको निर्णयका आधारमा कायम गर्ने । सो कार्य गर्दा वडा समितिले निर्णय गर्दा सर्जमिन गर्नुपर्ने भएमा सर्जमिन बापतको रकम नलिने ।

(झ) नम्बरी जग्गामा खर वा परालले छाएको घरको हकमा सो घरको घर कर लाग्ने छैन ।

(ञ) सुकुम्बासीको घरको हकमा घर कर नलाग्ने ।

**(३) आर्थिक ऐन, २०८१ को दफा ८ सँग सम्बन्धित अनुसूची ५ को १.२.१ मा संशोधन**

**अनुसूची ५ को १.२.१ :** जग्गा नामसारी सिफारिस बिक्री प्रयोजन प्रति कठ्ठा रु.१०००। उल्लेख भएकोमा व्यवसायीक रुपमा जग्गा कारोबार गर्नेको हकमा घर बाटो सिफारिसका लागि मात्र उक्त कर कायम गर्ने ।

**(४) आर्थिक ऐन, २०८१ को दफा ४ सँग सम्बन्धित अनुसूची २ मा थप तथा संशोधन**

**अनुसूची २ को १,२,३,४,५,६ र ७ संग सम्बन्धित :** नयाँ व्यवसाय दर्ता गर्दा दर्ता तथा नवीकरण शुल्क जोडेर लिने गरिएकोमा व्यवसाय दर्ता भएको आ.व.मा नवीकरण शुल्क नलिई सो आ.व.मा दर्ता शुल्क मात्र लिने ।

**(५) आर्थिक ऐन, २०८१ को दफा ८ सँग सम्बन्धित अनुसूची ५ मा थप तथा संशोधन**

**अनुसूची ५ को सि.नं १ देखि १५ संग सम्बन्धित :** जग्गा बिक्री, हक हस्तान्तरण, नामसारी, रजिष्ट्रेसन आदी कार्यको लागी लिएको सिफारिस तोकिएको मिति सम्म उक्त कार्य सम्पन्न नभएमा सो आर्थिक बर्ष भित्र सोही व्यहोराको सिफारिस लिनुपर्ने भएमा पुरानो सक्कल सिफारिस वडामा बुझाएमा नयाँ सिफारिस बापत कुनै शुल्क नलिने ।

**आज्ञाले**

**श्री ओमकार प्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**